प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## गण्डकी प्रदेश

## पोखरा, नेपाल

# अनुदानमा स्याउको बिरुवा प्राप्त गर्न प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०७/२५)

यस मन्त्रालयको चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रममा रहेको "उच्च घनत्व बगैंचा विस्तारका लागि बिरुवा खरिद तथा वितरण" कार्यक्रम संचालनार्थ बढीमा पचहत्तर प्रतिशत (७५%) अनुदानमा उच्च घनत्व प्रविधिमा आधारित उन्नत जातका स्याउका बिरुवा प्राप्त गर्न इच्छुक मुस्ताङ्ग जिल्लाका कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र देहायका कागजातहरु संलग्न राखी यस मन्त्रालय वा कृषि ज्ञान केन्द्र, म्याग्दी वा सो को सम्पर्क इकाई, मुस्ताङ्गमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। कार्यक्रम सम्बन्धी थप जानकारीको लागि मन्त्रालयको वेबसाईट www.molmac.gandaki.gov.np बाट "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" र "स्याउ खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७" डाउनलोड गरी हेर्न सकिनेछ।

**आवश्यक कागजातहरुः**

- कार्यविधिको अनुसूची-३ बमोजिमको निवेदन
- मापदण्डको बुँदा ५ बमोजिमको प्रस्ताव
- कृषि फार्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाको हकमा दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, नवीकरण गर्नुपर्ने भएमा नवीकरण प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि
- कृषक समूह/कृषि सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि
- व्यक्तिगत कृषकको हकमा निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- अघिल्ला दुई आ.व. मा अनुदानका लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र
- बगैंचा स्थापनाको लागि प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम २० वर्षको करार सम्झौताको प्रतिलिपि।

**थप जानकारीका लागि सम्पर्क**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश

फोन नं. ०६१-४६७७०८, ०६१-४६३०८०

Email: molmacprovince4@gmail.com